# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

# लम्कीचुहा नगरपालिका

# कैलाली




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ४१७

मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
लम्कीचुहा नगरपालिका, कैलाली ।

**कैफियत सहितको राय**

हामीले **लम्कीचुहा नगरपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु. ५ करोड ६३ लाख १७ हजार बेरुजु देखिएको छ।सोमध्ये असुल गर्नुपर्ने रु. १ करोड २१ लाख ९५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. २ करोड ५४ लाख ६९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २५ लाख १७ हजार र पेस्की बाँकी रु. ६१ लाख ३६ हजार रहेको छ । नगरपालिकाको गत वर्षसम्म रु. २५ करोड ७५ लाख ४३ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्योट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.२८ करोड ९६ लाख ५६ हजार रहेको छ ।यस नगरपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्रासिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, दरबन्दी बाहेकका कर्मचारी करारमा भर्ना गरी रकम खर्च गरेको, उपभोक्तामार्फत जटिल संरचना निर्माण गरेको, उपभोक्तामार्फत जटिल संरचना निर्माण गरेको, खरिद टुक्राई सोझै खरिद गरेको, गुणस्तर परीक्षण नगरेको, जग्गा प्राप्तीको लागी विद्यालयलाई रकम भुक्तान गरेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **नगर**कार्यपालिका, **नगर प्रमुख** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## लम्कीचुहा नगरपालिका, कैलाली

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६० | ४३ | ५६३१७ | ० | ० | ० | ६० | ४३ | ५६३१७ | १२१९५ | १२५१७ | २५४६९ | ० | ० | ५०१८१ | ६१३६ |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौंट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| २५७५४३ | ० | २४२०४ | २३३३३९ | ० | ५६३१७ | २८९६५६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : लम्किचुहा नगरपालिका, कैलाली , लम्की चुहा नगरपालिका , कैलाली

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | धर्मराज विनाडी | २०७७-५-२५ | |
| कार्यालय प्रमुख | विक्रम चौधरी | २०७७-१२-९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | धर्मराज उपाध्याय | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ५६,३१७,५२६ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,२६,७९,८४२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७०,२१,९७,१५४ | **चालु खर्च** | ५३,१०,७२,३१८ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,७१,७९,४१८ | **पूँजीगत खर्च** | ४१,०५,५३,८५० |
| **राजश्व बाँडफाँट** | १७,३१,१९,६६४ | **वित्तीय/अन्य व्यवस्था** | ३४,७७,१८,७९७ |
| **आन्तरिक आय** | ११,१३,२५,५१६ | | |
| **अन्य आय** | २३,८३,५०,०१० | | |
| **कुल आय** | १,२७,२१,७१,७६२ | **कुल खर्च** | १,२८,९३,४४,९६५ |
| **बाँकी मौज्दात** | | ६,५५,०६,६३९ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ ।यस नगरपालिका अन्तर्गत १० वडा, ५३ सभा सदस्य, २१४ वर्ग किलोमिटर क्षेत्रफल तथा ६९००० जनसंख्या रहेको छ । | |
| २ | | | **छलफल**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८/१२/१३ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् | |
| ३ | | | **पेश्कि बाँकी**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५१(४) मा फछ्यौंट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा समावेश गर्नुपर्दछ।कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्यौंट गर्नुपर्ने रु | ६,१३६,५०० |

| सि नं | पेश्कि लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु |
|---|---|---|---|---|
| | **म्याद नाघेको पेश्की** | | | |
| 1 | चाँकावाडी नयाँवस्ती हरदाहनी नाला निर्माण उ स | | नाला तथा सडक निर्माण | १०५००००.० |
| 2 | मोतिपुर बजारमा नाला र सडक मर्मत उपभोक्ता समिती | | नाला तथा सडक मर्मत | १२६००००.० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | 3 | राकेश बोहरा | लम्कीचुहा | उद्धार राहत तथा पुर्नस्थापना | ६००००.० | |
| | | | 4 | विरेन्द्र चौधरी | लम्किचुहा | आपाङ्गता भएका व्यक्तिहरुलाई प्रोत्साहन भत्ता | ३०००००.० | |
| | | | 5 | विरेन्द्र चौधरी | लम्किचुहा | आपाङ्गता भएका व्यक्तिहरुलाई प्रोत्साहन भत्ता | १५००००.० | |
| | | | 6 | वातावरणीय संरक्षण नेपाल | | वडा नं ७ मा विभिन्न योजना तथा कार्यक्रम | २५०००.० | |
| | | | 7 | लम्कीचुहा अस्पताल विकास समिती | लम्कीचुहा | न्यूनतम सेवा मापदण्ड संचालन | २४७००००.० | |
| | | | 8 | जनकल्याण सामुदायिक सिकाई केन्द्र | लम्कीचुहा | सशर्त कार्यक्रम | १९४०००.० | |
| | | | 9 | शिवशक्ति श्रीविद्यापिठ गुरुकुल विद्याश्रम | लम्कीचुहा | सशर्त कार्यक्रम | २४१०००.० | |
| | | | 10 | भिम बहादुर भुल | लम्कीचुहा | सवारी साधन मर्मत | ३६५००.० | |
| | | | 11 | विरेन्द्र चौधरी | लम्किचुहा | आपाङ्गता भएका व्यक्तिहरुलाई प्रोत्साहन भत्ता | ३५००००.० | |
| | | | जम्मा | | | | ६१३६५००.० | |
| | | | | **म्याद ननाघेको पेश्की** | | | | |
| | | | 12 | एच बि कन्स्ट्रक्सन | कैलाली | मोबिलाईजेसन | ३८२३८०.० | |
| | | | 13 | जे.वि निर्माण सेवा | कैलाली | मोबिलाईजेसन | ७८५०००.० | |
| | | | 14 | तेडि निर्माण सेवा | मल्लादेही | मोबिलाईजेसन | १७०३२००.० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>15</td><td>विष्ट कन्स्ट्रक्सन</td><td>कैलाली</td><td>मोबिलाईजेसन</td><td>६०३७८५.०</td></tr>
<tr><td>16</td><td>न्यौपाने निर्माण सेवा</td><td>कैलाली</td><td>मोबिलाईजेसन</td><td>२१५७५०.०</td></tr>
<tr><td>17</td><td>सुशिल कन्स्ट्रक्सन</td><td>कैलाली</td><td>मोबिलाईजेसन</td><td>२३८००००.०</td></tr>
<tr><td>18</td><td>डाईनामिक टेक एण्ड पावर सोलुसन् प्रा.लि</td><td>कैलाली</td><td>मोबिलाईजेसन</td><td>३५०००००.०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>९५७०११५.०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>करदाता अभिलेख<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२घ) मा गाँउपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन र राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान गर्ने रहेको छ। सो अनुसार नगरपालिकाले राजस्वको आधार विस्तार तथा प्रवर्द्धनको लागी प्रयास गरी राजस्व संकलनको दायरा फराकिलो गर्दै लगेको पाईएन। साथै गाँउपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ राजस्वको दायरा फराकिलो पर्दै आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण नभएको<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।तर नगरपालिकाले यस वर्ष अन्तर सरकारी वित्तिय हस्तान्तरण बाहेक आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **तलबि प्रतिवेदन**<br>शिक्षक किताबखानाबाट तलवी प्रतिवेदन पारित गराएर मात्र विद्यालयका शिक्षकहरुको तलव भत्ता भुक्तानी गर्नुपर्ने नगरपालिकाले आ.व. २०७७/७८ को शिक्षकहरुको तलवी प्रतिवेदन पारित नगरि रु १०८२६१९१४.६ खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा तलब खर्च एकिन हुन सकेन । | |
| ७ | | | **सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर**<br>पालिका अन्तर्गत संचालित माध्मयमिक तह सम्मको विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्य नगरपालिकाको कार्य क्षेत्रभित्र अन्तर्गत पर्दछ सोही अनुसार पालिकाले विद्यालय शैक्षिक गुणस्तर मापनको मापदण्ड तयार गरी कार्यान्वयन गर्नुपर्नेमा सो गरेको छैन । अत शैक्षिक गुणस्तरको मापन मापदण्ड तयार गरी कार्यान्वयन गर्न र सोही अनुसार विद्यालयको अनुगमन मुल्याङकन गरी प्रतिवेदन पेश गर्नुपर्दछ । | |
| ८ | | | **बिद्यालयको अनुगमन नियमन व्यवस्था**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्कय नीति निर्माण, अनुगमन मुल्याङकन तथा नियमन सम्बन्धि कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन सम्बन्धि मापदण्ड तय गरेको छैन । जसबाट विद्यालय अनुगमन कार्य साथै शिक्षण सिकाई कार्य प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखएकोलेअनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारि रुपमा संचालन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | ११६,१२२ | २०७७-५-३१ | **भुक्तानी बाँकीको विवरण**<br>आर्थिक तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) बमोजम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको विवरण प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ ।पालिकाले आ.व. २०७६।०७७ को भुक्तानी दिन बाँकी यस वर्ष भुक्तानी गरेको खर्च नियमसम्मत मान्न नसकिएको रु | ४,५१८,६३९ |
| १० | ६ | २०७७-६-२३ | **दरबन्दी भन्दा बढी कर्मचारी**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकाले स्विकृत दरबन्दी भित्र रहेर तलब भत्ता निकासा गर्नुपर्नेमा विना संगठन र सर्वेक्षण देहाय बमोजिमका कर्मचारीहरुलाई दरबन्दी संख्याको सीमा नघाई रु २२४१६००/- भुक्तानी भई बढी व्यायभार परेकोले व्यवस्था अनुसार गर्न विशेष ध्यान पुर्याउनुपर्दछ । | |

Nested table in item ९:

| **क्र.सं.** | **गो.भौ/मिती** | **भुक्तानी लिने** | **प्रयोजन** | **भुक्तानी रकम** |
|---|---|---|---|---|
| १ | ११६/२०७७-०५-३१ | ५१ जना कर्मचारी | कोभिड१९ को रोकथाम तथा नियन्त्रणका लागि मिती २०७६ चैत्र ११ गते देखि २०७७ असार २२ गते सम्म कामकाजमा खटिए वापतको जोखिम भत्ता | ६७८१७९/- |
| २ | १२२/२०७७-०६-०१ | ६८ जना कर्मचारी | कोभिड १९ को रोकथाम तथा नियन्त्रणका लागि मिती २०७६ चैत्र ११ गते देखि २०७७ असार २२ गते सम्म कामकाजमा खटिए वापतको जोखिम भत्ता | ३८४०४६०/- |
| **जम्मा** | | | | **४५१८६३९/-** |

Nested table in item १०:

| **क्र.सं.** | **सेवा** | **स्वीकृत** | **दरबन्दी** | **दरबन्दी** | **भुक्तानी रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | **दरबन्दी** | **पद्पुर्तिको अवस्था** | **बढी भएको सङ्ख्या** | **(पर्व भत्ता समेत)** | |
| १ | स्वास्थ्य | १८ | २२ | ४ | १४६६४००/- | स्वीकृत दरबन्दी अनुसार कुल १८ जना मात्र कार्यरत रहनुपर्नेमा थप पाचौं तहका ४ जना कर्मचारीलाई काममा लगाई तलब भत्ता भुक्तानी गरेको पाइयो |
| २ | ईन्जिनियरिङ | २(७/८ तह) | ३ | १ | ४५५८८०/- | स्वीकृत दरबन्दी अनुसार २ जना मात्र कार्यरत रहनुपर्नेमा थप अधिकृत छैटौं तहको १ जना कर्मचारीलाई तलब भत्ता भुक्तानी गरेको पाइयो( रमाना भई आएको ९ महिनाको मात्र) |
| ३ | प्रशासन | ५(सहायक चौथो) | ६ | १ | ३१९३२०/- | स्वीकृत दरबन्दी अनुसार ५ जना मात्र कार्यरत रहनुपर्नेमा थप चौथो तहका १ जना कर्मचारीलाई काममा लगाई तलब भत्ता भुक्तानी गरेको पाइयो |
| **जम्मा** | | | | | **२२४१६००/-** | |

११

**पदाधिकारी सुविधा**

नेपालको संविधानको धारा २२७ मा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सूदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पदाधिकारीहरुलाई देहाय बमोजिम रु. ११२२५५०० सुविधा वापत भुक्तानी भएको छ ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडा अध्यक्ष १० जना | नगर कार्यपालिका | सभाका सदस्य ३३ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | सदस्य ८ जना | | |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | २४०००.० | २४०००.० | २४०००.० | १९२०००.० | ७८८०००.० | १०५२०००.० |
| २ | यातायात खर्च | ०.० | १२०००.० | ०.० | ९६०००.० | ३९४०००.० | ५०२०००.० |
| ३ | टेलिफोन,मोबाइल | ८४०००.० | ७२०००.० | ४८००००.० | ३३६०००.० | ७८८०००.० | १७६००००.० |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ७८०००.० | ६००००.० | ४८००००.० | ३३६०००.० | ९८५०००.० | १९३९०००.० |
| ५ | समन्वय तथा सहजीकरण | १२००००.० | १०८०००.० | ७८००००.० | ५७६०००.० | १५७६०००.० | ३१६००००.० |
| ६ | अतिथि सत्कार | १३२०००.० | १२००००.० | ९६००००.० | ०० | ०० | १२१२०००.० |
| ७ | खानेपानी/बिजुली/ सरसफाई | ४८०००.० | ४२०००.० | ३०००००.० | २४००००.० | ३९४०००.० | १०२४०००.० |
| ८ | चाडपर्व खर्च | २७५००.० | २५०००.० | १८००००.० | ८००००.० | २६४०००.० | ५७६५००.० |
| | जम्मा | ५१३५००.० | ४६३०००.० | ३२०४०००.० | १८५६०००.० | ५१८९०००.० | ११२२५५००.० |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि नगरपालिकाले यस वर्ष त्यस्ता सुविधा २३३ जनालाई रु ४१०५५३८५ प्रदान गरेको छ । आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| १३ | | | **कानून निर्माणको अवस्था**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार २ वटा ऐन र १३ कार्यविधि बनाएको छ । नगरपालिकाले आफ्नो क्षेत्रअधिकारभित्रको राजश्व संकलन, नगर प्रहरी, स्थानिय तथ्याङ्क लगायतका विषयमा स्थानिय कानून तयार गरेको छैन । नगरपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ । | |
| १४ | | | **गुणस्तर परीक्षण नभएको**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले आपूर्ति गरिएको मालसामान तथा निर्माण कार्यको गुणस्तर परीक्षण गरेको छैन। गुणस्तर परीक्षणबिना स्वीकार भएको निर्माण कार्य तथा आपूर्ति गरिएका मालसामान गुणस्तरयुक्त भएकोमा आश्वस्त हुन सकिएन। | |
| १५ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। ऐनको दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू नगरेको कारण निम्न विषयहरुमा आन्तरिक नियन्त्रणको कमजोरी देखियो :<br>• नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो गरेको छैन।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) मा निर्माण व्यवसायीले सम्झौताको म्याद थप गर्न पर्ने भएमा कारण सहित म्याद थपको निवेदनको लागी एक्काईस दिन अगावै निवेदन दिनुपर्नेमा विभिन्न योजनाको म्याद थप गर्न निर्माण व्यवसायीले एक्काईस दिन अगावै निवेदन नदिएको अवस्थामा समेत कार्यालयले योजनाको म्याद थप गर्ने गरेको छ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।<br>• यस नगरपालिका तथा पालिकामा समाहित भएका साविकका नगर विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छयौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन।<br>• कार्यालयले राजस्व शाखा तथा वडागत रुपमा राजस्व आम्दानी गर्न प्रयोग भएको रसिदको आम्दानी गरेको छैन भने वितरण भएको रसिदको रसिद नियन्त्रण तथा हस्तान्तरण नभएकोले नगदी रसिदको आधारमा राजस्व आम्दानी गरेको र सो बमोजिम रकम दाखिला गरेको यकिन गर्न सकिएन।<br>• नगरपालिकाले अधुरा आयोजनाको समिक्षा गर्ने र सोको प्रतिवेदन गर्ने कार्य गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **भ्रमण अभिलेख**<br>भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणको वातावरणका आधारमा देहाय बमोजिमको अवस्था देखियो।<br>• म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख राखेको छैन। भ्रमण अभिलेख नहुँदा भ्रमणमा खर्च भएको कुल रु ३४०१९००.० को प्रयोजन पुष्टि हुँदैन।<br>• म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेश नभगरेकोले भ्रमणको उद्देश्य बमोजिम भ्रमण भएको हो होईन यकिन गर्न सकिएन। | |
| १७ | | | **बेरुजुको लगत**<br>कार्यालयले बेरुजु लगत तथा विवरणको अद्यविधक गर्ने म . ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालय यसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन।<br>म. ले. प. फाराम ८०१ – बेरुजु लगत<br>म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन<br>म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत<br>म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन<br>म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख कार्यालयले बेरुजुको लगत अद्यावधि नगरेकोले बेरुजु फछ्र्यौट सम्बन्धि प्रक्रिया अघि बढेर कार्यान्वयन भएको छैन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१८</td><td></td><td></td><td>
बैंक हिसाब मिलान पेश नभएको<br>
स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ सो बमोजिम। मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्दछ।नगरपालिकाले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान तयार गरी पेश गरेको छैन। विवरण अनुसार श्रेस्ता तथा बैँक मौज्दातमा रु २५६७५४६३.० को फरक पर्न गएको छ।सो सम्बन्धमा कार्यालयले बैँक हिसाब मिलान तयार गरी पेश गर्नुपर्दछ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७८ असार मसान्तकोबाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार २०७८ असार मसान्तको बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>आन्तरिकराजस्व खाता</td><td>०</td><td>३६३६१०९.०</td><td>३६३६१०९</td></tr>
<tr><td>२</td><td>चालु खाता</td><td>१९६८१७२.०</td><td>३२०४०८८.०</td><td>१२३५९१६</td></tr>
<tr><td>३</td><td>पूँजीगतखाता</td><td>५९४०५१४.०</td><td>१९५७१४१७.०</td><td>१३६३०९०३</td></tr>
<tr><td>४</td><td>बिबिध खर्चखाता (ग.2.7)</td><td>५४९५४२९.०</td><td>५७३६७२१.०</td><td>२४१२९२</td></tr>
<tr><td>५</td><td>धरौटी खर्चखाता</td><td>२२५७१२११.०</td><td>१९३८८५८९.०</td><td>३१८२६२२</td></tr>
<tr><td>६</td><td>सञ्चित कोष</td><td>२००२०३९१.०</td><td>१६२९४४०२.०</td><td>३७२५९८९</td></tr>
<tr><td>७</td><td>प्रकोपव्यवस्थापन कोष खाता</td><td>६७७५५०८.०</td><td>६७९८१४०.०</td><td>२२६३२</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२५६७५४६३</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **सूचना प्रविधि नियन्त्रण पद्वती**<br>सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषयमा देहाय बमोजिमको अवस्था देखियो ।<br>• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्वतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छैन।<br>• सूचना प्रविधी पद्वतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको छैन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको छैन।<br>• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन। | |
| २० | | | **चौमासिक खर्च**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार अन्तर सरकारी अख्तियारीबाहेक कार्यालयले प्रथम चौमासिकमा कुल रु २२ करोड ३५ लाख ९६ हजार खर्च (२०.७६ प्रतिशत), दोश्रो चौमासिकमा रु १७ करोड ८४ लाख ४५ हजार खर्च (१६.५७ प्रतिशत), तेश्रो चौमासिकमा रु ५३ करोड ९५ लाख ८४ हजार खर्च (५०.११ प्रतिशत), तथा असार मसान्तमा रु ३४ करोड ८१ लाख ५९ हजार (३२.३३ प्रतिशत) खर्च भएको छ।चौमासिक खर्चमा एकरुपता नहुँदा बजेट प्रणालिमा प्रतिकुल असर पर्ने, वित्तिय जोखिम रहने तथा वर्षान्तमा हतारमा खर्च भुक्तानी गर्दा वा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक तथा आषाढमा ठुलो रकम खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २१ | | | **बढी बैँक मौज्दात जिम्मेवारी सारेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ ।तर नगरपालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा कुल बैँक मौज्दात रु. ८०२८५५४१.० मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. ८२७३५५४२.० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २४४९९९९.० बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्दछ। | |
| २२ | | | **कर्मचारी कल्याण कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष कल्याण कोषमा रु ५००००००.० ट्रान्सफर गरेको र कोषको संचालन सम्बन्धी पनि कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । | |
| २३ | | | **अवण्डा बजेट**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले आ.व २०७७/७८ मा आ व २०७७।७८ को विनियोजित बजेटमा रकम अपुग भएका तथा साझेदारी गर्नुपर्ने विभिन्न योजना तथा कार्यक्रम शिर्षका रु ६६९३००००.० अवण्डा बजेट बिनियोजन गरेको छ।उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितीको निर्णयबाट चालु र पूँजीगतका विविध शीर्षकमा रु ५४१४४७७८.० खर्च गरेको छ।बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| २४ | | २०७८-११-६ | **वडा नं ६ को बक्यौता**<br>वडा नं ६ कार्यालयको मिति २०७७।६।१७ को पत्रानुसार २०७६ असोज देखि २०७६ मंशिर महिना सम्मको विभिन्न मितिमा विभिन्न सवारी साधन वाट दैनिक रुपमा ढुंगा गिटी वालुवा निकासी वापत ठेलीवाट आम्दानी गरेको रकम रू ६४२०००। वैक दाखिला गरेको भन्ने पत्र पेश गरेकोमा मिति २०७८।३।३० को बैक भौचरवाट रू ३३९९१०। बैक दाखिला भएको देखिन्छ । वांकी रू ३०२०९०। को दाखिलाको प्रमाण पेश हुनु पर्ने रु | ३०२,०९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | २०७८-११-५ | **म ले प फारमको प्रयोग नभएको**<br>राजस्व आम्दानी गर्ने कार्यालयहरूले तोकिएका म ले प फारामहरू प्रयोग गर्नु पर्दछ । राजस्व तर्फ म ले प फारामरू १०१ देखि ११५ सम्म तोकिएका छन । जस अनुसार म ले प फा नं १०१ नगद प्रप्ती रसिद १०२ दैनिक राजस्व आम्दानी किताव १०४ राजस्व आम्दानीको शिर्षकगत खाता १०५ राजस्व आम्दानीको गोश्वारा खाता १०७ राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता १०८ राजस्व आम्दानी बैङ्क/नगदीकिताब १०९राजस्वको बैङ्क हिसाब मिलान विवरण ११०। राजस्व-आम्दानीकोआर्थिक विवरण /फाँटबारी मुख्य छन । राजस्व आम्दानी गर्ने पालिका र वडा कार्यालयहरूले म ले प फा नं हरू मुख्य गरी १०४ १०७ १०८ एवं ११० म ले प फा नं प्रयोग गरेको पाइएन । तोकिएका म ले प फा नं हरू प्रयोग गरी आम्दानीको अभिलेख चुस्त र दुरूस्त राख्नु पर्दछ । | |
| २६ | | | **रकमान्तर**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। नगरपालिकाको विनियोजन ऐन, २०७७ मा रकमान्तरको प्रावधान रहेको छैन।यस नगरपालिकाले बिनियोजिन बजेटमध्ये कुल ११ करोड ६३ लाख ७ हजार रकमान्तर गरी खर्च गरेकोमा, सातौँ नगरसभाबाट ६ करोड ७५ लाख ६९ हजारको को रकमान्तरको निर्णय समर्थन भएको छ। नगरपालिकाले कुल बजेट रु ९३ करोड १ लाख ४३ हजार अर्थात् १२.५ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ भने नगरपालिकाको विनियोजन ऐनमा रकमान्तरको व्यवस्था तथा सिमा तोकिएको छैन। नगरपालिकाको विनियोजन ऐनमा व्यवस्थाबिना एक शिर्षकबाट शत प्रतिशतसम्म रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन।साथै नगरसभाको निर्णय तथा समर्थनबिना रकमान्तर गरी खर्च गरेको रु ४ करोड ८७ लाख ३८ हजार नियमसमत देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | १३१७ | २०७८-३-३० | **प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजम स्थानीय सेवा गठन, संचालन व्यवथापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदड संघीय कानून बमोजम हुने, दफा ८६ (२) बमोजम स्थानीय सेवाको गठन, संचालन तथा व्यवथापन सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना वापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवथा छ ।स्थानीय तहले कानून नबनाई यो बर्ष प्रोत्साहन भत्ता खर्च गर्नुका साथै कति कर्मचारीले कुन कुन समयमा कति दिन अतिरिक्त समय काम गरेको सो समेत नखुलाई प्रोत्साहन भत्ता खर्च गरेको नियमसम्मत मान्न नसकिएको रु | ५१४,००० |
| २८ | | | **शिक्षक दरबन्दी र पदपुर्ति**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४३ सामुदायिक विद्यालयहरु रहेकोमा कार्यालयले १८ वटा विद्यालयको मात्र शिक्षक दरबन्दी र पदपुर्तीको विवरण प्रदान गरेकोले बाँकी विद्यालयको हकमा शिक्षक दरबन्दी र पदपुर्तिको अवस्था यकिन हुन सकिएन । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री कालिका मा वि, भुरुवा | २० | २० | १७ | ५९२ |
| २ | श्री दिपेन्द्र मा वि, थपालीपुर | ९ | ९ | ९ | ४११ |
| ३ | श्री बालकल्याण मा वि, भुरुवा | १० | १० | १० | ७१४ |
| ४ | श्री सरस्वती मा वि भरुवा | ९ | ९ | ९ | ३६२ |
| ५ | श्री शहिद स्मृति मा वि, पूर्वलम्की | ७ | ७ | ७ | ३०२ |
| ६ | श्री जनचेतना प्रा वि, उत्तरलम्की | ३ | ३ | ३ | ५८ |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ७ | श्री राष्ट्रिय नमुना मा वि, मोतिपुर | २१ | २१ | १६ | ४२४ | | |
| | | | | ८ | श्री जनसेवा मा वि बघौरा, गणेशपुर | १८ | १८ | १८ | ५८८ | | |
| | | | | ९ | श्री जनचेतना प्रा वि, मोतिपुर | २ | २ | २ | ११३ | | |
| | | | | १० | श्री राष्ट्रिय मा वि, बल्चौर | २३ | २३ | १७ | ८१३ | | |
| | | | | ११ | श्री ने.रा.कर्णाली मा वि, चिसापानी | ८ | ८ | ६ | ४२६ | | |
| | | | | १२ | श्री जीवनदीप प्रा वि, बल्चौर | ३ | ३ | ३ | १४८ | | |
| | | | | १३ | श्री जनता मा वि, चौरीपुर | २१ | २१ | १५ | ६४० | | |
| | | | | १४ | श्री सरस्वती मा वि, कौवापुर | ९ | ९ | ९ | ६७१ | | |
| | | | | १५ | श्री नवजिवन मा वि, बलिया | १० | १० | ८ | ५०२ | | |
| | | | | १६ | श्री पूर्णिमा प्रा वि, कौवापुर | १ | १ | १ | ७३ | | |
| | | | | १७ | श्री जनसृजना प्रा वि,गिधिनिया | ४ | ४ | ४ | ९५ | | |
| | | | | १८ | श्री जनजागृती मा वि,चौरी | २५ | २५ | १६ | ६७४ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **लम्किचुहा अस्पताल विकास समिति**<br>नेपालको संविधानको धारा २४१, लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम स्थानीय तहको पूर्व स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हने व्यवस्था रहेको छ। त्यस्तै सोही ऐनको दफा ११ बमोजिम पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा स्थानीय तहको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न लेखापरीक्षणको नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्दछ।यस नगरपालिका अन्तर्गत रहने गरी एक अस्पताल संचालन गर्नको लागी नगर कार्यपालिकाको मिति २०७६/९/२७ गते लम्कीचुहा अस्पताल विकास समिती गठन तथा संचालन कार्यविधि, २०७६ पारित गरेको पाईयो।उक्त कार्यविधिको परिच्छेद ७, दफा २३ आर्थिक व्यवस्थामा एउटा छुट्टै कोष रहने र सो कोषमा संघ, प्रदेश र स्थानिय तहबाट प्राप्त हुने रकम बाहेक विभिन्न स्वदेशी, विदेशी संघ संस्थाबाट प्राप्त रकम समेत रहने व्यवस्था रहेको छ।त्यस्तै सोही कार्यविधिको दफा २४ लेखापरीक्षणमा अस्पतालको लेखापरीक्षण रजिष्टर्ड लेखापरीक्षकबाट प्रत्येक आर्थिक वर्ष समाप्तिको दुई महिनाभित्र गरी प्राप्त बेरुजु बाँकी बक्यौता फछ्र्यौट गरी सोको प्रतिवेदन अस्पताल विकास समितिको बैठकमा पारित गर्ने व्यवस्था गरेको छ।साथै लम्कीचुहा स्थित भल्कामा नगरपालिकाबाट विनियोजित बजेटबाट एक अस्पताल भवन निर्माण सम्पन्न हुने चरणमा रहेको र स्वास्थ्य सेवा प्रारम्भ भई सूचारु रहेको पाईयो। नेपालको संविधान र लेखापरीक्षण ऐनमा भएको उपर्युक्त व्यवस्था बमोजिम हाल अस्पतालको सम्पुर्ण जायजेथा अन्तिम लेखापरिक्षण महालेखा परीक्षकको कार्यालयबाट हुने गरी र पचास प्रतिशतभन्दा बढी जायेजेथामा नगरपालिकाको स्वामित्व हुने अवस्थामा लेखापरीक्षकको नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने गरी कार्यविधि संशोधन गरिनुपर्दछ। | |
| ३० | | | **अस्पताल विकास समिति आय व्यय**<br>लम्मीचुहा नगरपालिका अन्तगर्त संचालित लम्कीचुहा अस्पताल विकास समितीमा यो वर्ष नगरपालिका अनुदान तथा आन्तरिक श्रोत समेत रु ४१८४२१२५.० आम्दानी भएकोमा, अस्पताल विकास समितिले रु ४१६४१३८६.० खर्च गरेको छ भने रु २००७३९.० मौज्दात रहेको छ। कुल आम्दानीमध्ये र न.पाबाट रु २७९१३७९७.० अनुदान निकासा भएको, संघिय सरकार आमा सुरक्षा कार्यक्रम शसर्त अनुदान रु १३१२५००.०, संघीय सरकार कोभिड तथा न्यूनतम मापदण्ड अनुदान रु ३४७००००.० र अस्पतालको आन्तरिक श्रोत रु ९१४५८२८.० रहेको छ।समितिले कुल आम्दानी मध्ये रु १३३५८५३८.० करार सेवा शुल्कमा, रु १०१३७५.० विशेषज्ञ सेवा खर्चमा, रु १०८३४१३७.० औषधी खरिद तथा मर्मतमा, रु १४७३०००.० उपकरण, मेशिनरी तथा औजार खरिदमा, रु २७१९००.० सवारी खरिदमा र अन्य ईन्धन मर्मत लगायतका विविध शिर्षकमा रु १२८४३३०३.० खर्च गरेको छ। | |
| | | | | |

| ३.१ क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **राजस्व अनुमान र असुली**<br>पालिकाको यस वर्षको राजस्व आम्दानीको अनुमान र असुलीको अवस्था निम्नानुसार देखियो | |

| राजस्व शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकिकृत सम्पति कर | १०००००००००। | १०१२१०२८.५४ | १०१.२१ |
| भूमिकर /मालपोत | ५०००००। | १०७५२९.५० | २१.५१ |
| घरवाहाल कर | १५०००००। | ५१५०९१३.९२ | २४३.३९ |
| वहाल विटौरी कर | १५०००००। | ७०४१६१३। | ३६९.४५ |
| अन्य कर | ५०००००। | ७२९०। | १.५८ |
| अन्य श्रोतवाट प्राप्त रोयल्टी | ४००००००००। | ३,८८,६९,०६९। | ९७.१७ |
| अन्य सेवा शुल्क तथा विक्री | १००००००। | २९१८९०। | २९.१९ |
| अन्य प्रशासनिक सेवा शुल्क | १००००००। | ५,४९,३४५। | ५४.९३ |
| पार्किङ शुल्क | १००००००। | ० | ०० |
| नक्सा पास दस्तुर | २००००००। | २०,५१,७३३.३२ | १०२.५९ |
| सिफारिस दस्तुर | ५००००००। | ६९,९९,३९१। | १३९.९८ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ५०००००। | १३५९७४। | २७.१९ |
| नाता प्रमाणित दस्तुर | ५०००००। | १५१४९३।५० | ३०.३० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अन्य दस्तुर | ३००००००। | ६००८४६८।२० | २००.२८ | | |
| | | | | व्यवसाय रजिष्ट्रेशन दस्तुर | २०००००। | ४०८५५। | २०.४२ | | |
| | | | | प्रशासनिक दण्ड जरिवाना र जफत | १०००००। | ६५०३२०। | ६५०.३२ | | |
| | | | | अन्य राजस्व | १९०७०३८०। | १८०१९६८। | ९.४५ | | |
| | | | | **जम्मा** | **८७३७०३८०।** | **७९९८६८७४।९८** | **९१.५५** | | |
| | | | माथिको तालिका अनुसार एकिकृत सम्पति कर, अन्य श्रोतवाट प्राप्त रोयल्टी र नक्सा पास तर्फ अनुमान अनुसारको असुली भएता पनि भूमिकर/मालपोत, अन्य कर, अन्य सेवा शुल्क तथा विक्री, व्यक्तिगत घटना दर्ता दस्तुर, नाता प्रमाणित दस्तुर, व्यवसाय रजिष्ट्रेशन दस्तुर र अन्य राजस्वमा अनुमानको तुलनामा असुली अत्यन्त न्यून भएको पाईयो । पार्किङ शुल्कमा असुली शुन्य देखियो । त्यस्तै घर वाहल कर, वहाल विटौरी कर, सिफारिस दस्तुर, अन्य दस्तुर र प्रशासनिक दण्ड जरिवाना र जफत शीर्षकमा अनुमान भन्दा वढी आम्दानी भई समग्रमा अनुमानको तुलनामा ९१.५५ प्रतिशत असुली भएको पाईयो । समग्रमा आन्तरिक आम्दानी अनुमानको नजिक देखिएता पनि शीर्षकगत रुपमा हेर्दा कतिपय शीर्षकमा अत्यन्त न्यून र कतिपय शीर्षकमा अधिक असुली देखिनाले राजस्व अनुमान यथार्थ नजिक रही अनुमान गरेको देखिएन । राजस्व आम्दानीको अनुमान लाई यथार्थ वनाउनु पर्दछ । | | | | | | |
| ३२ | | | **१५ शैया अस्पताल डि.पि.आर.**<br>दीर्घकालमा ५० शैया अस्पताल वनाउने गर्ने गरी निर्माणाधिन अवस्थमा रहेको वडा नं. १० चुहा स्थित भवनलाई नै १५ शैयाको अस्पताल वनाउने भनी नगरपालिकाको मिति २०७७ मंशिर १८ गतेको वैठकले निर्णय गरे वमजिम माथिल्लो तलामा नयां संरचना थप्ने र पूर्व निर्धारित डि पि आर मा केही थपघट गर्नु पर्ने भएकोले आवाश्यक डि पि आर संशोधन गर्ने निर्णय भएको पाइयो । सोही वमोजिम पेशो कन्सल्टेन्ट्स प्रा लि, काठमांडौ मार्फत डि पि आर गराई रू ११९७८००। भुक्तानी दिएको पाइयो । डि. पि. आर. गरी निर्माणाधिन अवस्थामा रहेको ५० शैयाको भवनलाई १५ शैयामा रुपान्तरण गरे पश्चात रुपान्तरित भवनको डि. पि.आर. गर्न भनी कन्सलटच्यान्ट नियुक्ती गरेको पाईयो । ड्रईङ डिजाईन गरी पहिलो तला निर्माण सम्पन्न भई सकेको भवन माथि तला थपी निर्माण कार्य गर्दा आन्तरिक ले आउटमा सामान्य परिवर्तन वाहेक पहिला गरिएको ड्रईङ डिजाईन अनुसार नै निर्माण हुने अवस्था देखिन्छ । सामान्य परिवर्तनको कामलाई सामान्य अध्ययन गराई मितव्ययी ढंगले गर्नु पर्नेमा विस्तृत अध्ययन गराई पालिकालाई वढी व्ययभार पारेको देखियो । | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३३ | | | **१५ शैया अस्पताल**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) (ख) मा सार्वजनिक निकायले सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमूना वोलपत्र सम्वन्धी कागजातमा सामान्यतया सारभूत रुपमा फरक नपर्ने गरी आवश्यकता अनुसार वोलपत्र सम्वन्धी कागजात तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले वडा नं. १० मा १५ शैयाको अस्पताल निर्माण कार्यका लागि वोलपत्र तयार गर्दा निर्माण सम्वन्धी विशेष अनुभव अन्तर्गत २६९४.१६ वर्ग मिटर टायल लगायत अन्य कामको अनुभव भएको चाहिने भनी तय गरेको पाइयो । प्राविधिक र आर्थिक प्रस्ताव माग गरेकोमा प्राविधिक प्रस्ताव पेश गर्ने ९ वटा प्रस्तावदाता मध्ये स्वार एशोसियटस रन्जितकार जे भी को प्राविधक प्रस्ताव टायलको काम प्रस्तामा निर्धारण गरेको परिमाण अनुसार नभएको कारण अस्वीकृत गरेको पाइयो । सार्वजनिक निकायले बोलपत्र सम्वन्धी कागजातमा यस्तो योग्यता तथा मूल्यांकनका आधारहरु गुणस्तर कायम गर्न आवाश्यक आधारहरु तय भएको, प्रतिस्पर्धा सिमित नहुने सुनिश्चित गरिएको, वजारमा प्रतिस्पर्धाको उपस्थिति लेखाजोखा भएको र कानूनले प्रत्याभूत गरेको संरक्षण प्रतिकूल नभएको विषय सुनिश्चित गर्ने गरी पुष्टयाई सहित त्यस्तो प्रत्येक योग्यता तथा मूल्यांकनका आधारका विषयमा लिखित निर्णय गरी राख्नु पर्नेमा सो गरी राखेको पाइएन । साथै अस्पताल निर्माणका लागि टायलको कार्य गुणस्तर कायम गर्न आवश्यक आधार नदेखिदा प्रतिस्पर्धा सिमित हुन सक्ने देखियो । | |
| ३४ | | | **प्रिया कोईरालाको घरदेखि जनजागृति स्कुल जाने बाटो कालोपत्रे**<br>कार्यालयले नगरपालिकाको बार्षिक बिनियोजित कार्यक्रम अन्तगर्त प्रिया कोईरालाको घरदेखि जनजागृति स्कुल जाने बाटो कालोपत्रे गर्ने कार्यको लागी एच्.बि. कन्स्ट्रक्सन सँग मिती २०७७/१/२६ मा सम्फौता गरेको छ।सम्फौता बमोजिम निर्माण व्यवसायीले रु ८१७४७९७.० (मू.अ.कर समेत) मा मिती २०७८/१/२७ मा योजना सम्पन्न गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |
| ३४.१ | २४३ | २०७८-३-१८ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(३) मा खरिद सम्झौताको पन्ध्र प्रतिशत मात्र अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न मिल्छ।कार्यालयले च.नं ४११४, मितीः २०७८/१/२० को पत्र अनुसार कोभिडको कारण योजनाको म्याद २०७८ कार्तिक मसान्तसम्म थप भएको पत्राचार भएकोमा, कार्यालयले म्याद थपको निर्णय मिति २०७८/१/२९ मा गरेको छ।सो निर्णय कार्यपालिकाबाट अनुमोदन भएको छैन। तोकिएको सिमाभन्दा बढी अवधिको म्याद थप गर्दा नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४.२ | | | सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। सडक कालोपत्रेको सम्बन्धमा निर्माण सामग्रीको गुणस्तर परीक्षण गरिएको छैन।सडकको कालोपत्रे भाग २ से.मि मोटाई मापन गरी रकम भुक्तानी भएकोमा, मोटाई मापनको लागी आवश्यक परीक्षण तथा ल्याब टेस्ट नभएकोले, सडक कालोपत्रे तोकिएको मापदण्ड बमोजिम भएकोमा आस्वस्त हुन सकिएन। | |
| ३५ | २२८ | २०७८-३-१३ | **श्रेस्ता पेश नभएको**<br>कार्यालयले नगरपालिकाको बार्षिक बिनियोजित कार्यक्रम अन्तगर्त नमुना ग्रामिण सहकारीदेखी सडक कालोपत्रे कार्यको लागी मालिका माष्टा निर्माण सेवासँग मिती २०७७/४/१३ मा सम्झौता गरेको छ।सम्झौता बमोजिम निर्माण व्यवसायीले रु १०६३०३६६.० (मू.अ.कर समेत) मा मिती २०७८/४/१२ मा योजना सम्पन्न गर्नुपर्दछ।निर्माण व्यवसायीले मिति २०७८/२/१५ मा योजना सम्पन्न गरेकोमा कार्यालयले कुल रु ९६०८४६५.० भुक्तानी गरेको छ।कार्यालयले ठेक्का व्यवस्थापन सम्बन्धि कुनै पनि विवरण पेश नगरेकोले, रकम भुक्तानी सम्बन्धमा यकिन गर्न नसिकएकोले ठेक्का व्यवस्थापन सम्बन्धि विवरण पेश हुनुपर्ने रु | ९,६०८,४६५ |
| ३६ | | २०७८-११-६ | **भेरिएशन भुक्तानी**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्विबयनका क्रममा सृजना भई ऐनको दफा ५४ वमोजिम सार्वजनिक निकायले भेरिएशन आदेश जारी गर्नु पर्ने भएमा भेरिएशन परिमाणको प्राविधिक पुष्टयाई र कारणका आधारमा गर्नु पर्ने व्यवस्था छ । लम्की वजारमा आधुनिक वसपार्क निर्माण कार्यका लागि नगरपालिका र उच्चकोटी निर्माण सेवा प्रा लि,धनगढी विच २०७६।७।४ मा मु अ कर समेत रु २२४४३३६०।८५ मा सम्झौता मितिवाट १२ महिनामा काम सम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०७७।१०।३ सम्म म्याद थप भएको पाईयो । मिति २०७७।९।२० मा कार्य सम्पन्न भएको उक्त निर्माण कार्यको भेरिएशन वापत रु ४३६२०५६।७४ समेत रू २६८०५४१७।५९ (मु अ कर समेत) भुक्तानी भएको पाईयो । भेरिएशनका सम्वन्धमा नगरकार्यपालिकाको २०७७ जेष्ठ २७ गतेको वैठकवाट भेरिएशन गर्ने निर्णय भएको पाईयो । तर सम्झौताको विषेश शर्तहरुमा भेरिएशन गर्न सकिने व्यवस्था राखेको पाइएन । भेरिएशनको निर्णय गर्दा के कुन काम के कति कारण थप गर्नु परेको भन्ने प्राविधिक पुष्टयाई नभएको एवं सम्झौतामा समेत भेरिएशनको व्यवस्था नराखी भुक्तानी दिएको भेरिएशन रकम रु ४३६२०५६।७४ नियमसम्मत नदेखिएको रु | ४,३६२,०५६.७४ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | २८० | २०७८-३-२७ | **लुहारपुरचोकदेखी दक्षिण, तिल्खादेखी उत्तर र तिल्खादेखी पश्चिम सडक कालोपत्रे**<br>कार्यालयले नगरपालिकाको बार्षिक बिनियोजित कार्यक्रम अन्तगर्त लुहारपुरचोकदेखी दक्षिण, तिल्खादेखी उत्तर र तिल्खादेखी पश्चिम सडक कालोपत्रेगर्ने कार्यको लागी एच्. बि. कन्स्ट्रक्सनसँग मिती २०७७/१/२२ मा सम्झौता गरेको छ।सम्झौता बमोजिम निर्माण व्यवसायीले रु १०४३८४१५.० (मू.अ.कर समेत) मा मिती २०७८/१/२१ मा योजना सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले मिती २०७८/३/१५ मा योजना सम्पन्न गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्।<br>:<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(१) मा निर्माण व्यवसायीले तोकिएको समयमा योजना सम्पन्न हुन नसक्ने भएमा सोको कारण खुलाई योजनाको म्याद समाप्त हुनु एक्काईस दिन अगावै म्याद थपको निवेदन पेश गर्नुपर्दछ भने नियम १२१ मा तोकिएको समयमा योजना सम्पन्न हुन नसकेमा सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी प्रति दिन सम्झौताको ०.०५ प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था रहेको छ।तोकिएको समयभन्दा ५३ दिन ढिला गरी निर्माण व्यवसायीले योजना सम्पन्न गरेकोमा, निर्माण व्यवसायीले म्याद थपको निवेदन पेश गरेको छैन भने कार्यालयले म्याद थप समेत गरेको छैन।नियमावलीको व्यवस्था अनुसार कुल सम्झौता रकमको ०.०५ प्रतिशतले हुन आउने रु २७६६१७.० रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु | २७६,६१७ |
| ३८ | | | **वार्ड नं ४ गिदिनिया देखि खल्ला सडक कालोपत्रे**<br>कार्यालयले नगरपालिकाको बार्षिक बिनियोजित कार्यक्रम अन्तगर्त वार्ड नं ४ गिदिनिया देखि खल्ला सडक कालोपत्रे गर्ने कार्यको लागी एच्. बि . कन्सट्रक्सनसँग मिती २०७७/१/२६ मा सम्झौता गरेको छ।सम्झौता बमोजिम निर्माण व्यवसायीले रु ८९२१३१८.० (मू.अ.कर समेत) मा मिती २०७८/१/२७ मा योजना सम्पन्न गर्नुपर्दछ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छन्। | |
| ३८.१ | | | सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ।सडक कालोपत्रेको सम्बन्धमा निर्माण सामग्रीको गुणस्तर परीक्षण गरिएको छैन।सडकको कालोपत्रे भाग २ से.मि मोटाई मापन गरी रकम भुक्तानी भएकोमा, मोटाई मापनको लागी आवश्यक परीक्षण तथा ल्याब टेस्ट नभएकोले, सडक कालोपत्रे तोकिएको मापदण्ड बमोजिम भएकोमा आस्वस्त हुन सकिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३८.२ | २४३ | २०७८-३-१८ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(३) मा खरिद सम्झौताको पन्ध्र प्रतिशत मात्र अवधि बोलपत्र स्वीकृत गर्ने अधिकारीले म्याद थप गर्न मिल्छ।कार्यालयले च.नं ४११४, मितीः २०७८/१/२० को पत्र अनुसार कोभिडको कारण योजनाको म्याद २०७८ कार्तिक मसान्तसम्म थप भएको पत्राचार भएकोमा, कार्यालयले म्याद थपको निर्णय मिति २०७८/१/२९ मा गरेको छ।सो निर्णय कार्यपालिकाबाट अनुमोदन भएको छैन। तोकिएको सिमाभन्दा बढी अवधिको म्याद थप गर्दा नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |
| ३९ | ९० | २०७७-९-१२ | **भेरिएशनको निर्णय पेश नभएको**<br>कार्यालयले नगरपालिकाको बार्षिक कार्यक्रम अन्तगर्त वडा नं १ कालिका स्कुल पुरानो कालोपत्रेदेखि जनता मार्केटसम्म सडक कालोपत्रे गर्ने कार्यको लागी टेडी निर्माण सेवा<br>सँग मिती २०७७/२/१९ मा सम्फौता गरेको छ। सम्फौता बमोजिम निर्माण व्यवसायीले रु ९२४०१८५.० (मू.अ.कर समेत) मा मिती २०७८/२/१८ मा योजना सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले मिती २०७७/८/१५ मा योजना सम्पन्न गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।<br>:<br>सार्वजनिक खरदि नियमावली, २०६४ को नियम ११८(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याँई र कारण सहित भेरिएसन आदेश जारी गर्न सक्ने कानुनी व्यवस्था रहेको छ।कार्यालयले योजनाको भुक्तानीमा भेरिएशन गरिएको भनी निर्माण व्यवसायीलाई रु १०२००६६.० भुक्तानी गरेकोमा, सोको निर्णय, स्वीकृति तथा आवश्यक पुष्ट्याँईको प्रमाण पेश गरेको छैन भने भेरिएसनको व्यवस्था ठेक्का सम्झौतामा समेत उल्लेख गरेको छैन। भेरिएसनको निर्णय तथा व्यवस्थाबिना निर्माण व्यवसायीलाई भेरिएसन बापत भुक्तानी भएको रु १०२००६६.० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु | १,०२०,०६६ |
| ४० | | | **उपभोक्ताले निर्माण व्यवसायी लगाई डिप बोरिङ्ग निर्माण**<br>वावनपुर टोलमा डिप बोरिङ्ग कार्यको लागी कार्यालयले मिती २०७७/२/१८ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ३४२३९०.० स्वीकृत भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु ४२३९०.० रहने गरी सम्फौता भएको छ भने कार्यालयले व्यहोर्ने अंश रु ३०००००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु २८९०२२.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४०.१ | २४ | २०७७-५-२५ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) मा उपभोक्ताले आफुले प्राप्त गरेको काममा कुनै निर्माण व्यवसायीलाई संलग्न गराईएको पाईएमा, कार्यालयले सो सम्झौता रद्द गरी त्यस्तो उपभोक्तालाई कुनै पनि कार्य गर्न नदिने गरी अभिलेख राख्नु पर्दछ र त्यस्तो निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्दछ।उपभोक्ताले डिप बोरिङ्गको कार्य निर्माण व्यवसायी विश्वकर्मा ड्रिलिङ्ग उद्योग मार्फत गराएको र सो उद्योगको बिजक समेत पेश गरेको छ।निर्माण व्यवसायीमार्फत उपभोक्ताले कार्य गराउँदा, कार्यालयले सम्झौता रद्द नगरी रकम भुक्तानी गरेको मनासिब देखिएन । नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |
| ४०.२ | | | सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालयले उपभोक्ता मार्फत योजना संचालन गर्दा निर्मित संरचना तथा संरचना निर्माणमा प्रयोग भएको सामग्री साथै बोरिङ्ग निर्माणमा अनिवार्य हुने पानीको गुणस्तर परीक्षण, रिकभरी परीक्षण लगायतका गुणस्तर परीक्षण गरेको छैन। नियमावलीको व्यवस्था पालना गरि निर्मित संरचनाको गुणस्तर कायम गरिनुपर्दछ। | |
| ४०.३ | २४ | २०७७-५-२५ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। उपभोक्ता समितीले विश्वकर्मा ड्रिलिङ्ग उद्योग मार्फत निर्माण कार्य गराएकोमा, उपभोक्ताले सोको रु २९२०३५.० (मू.अ.कर बाहेक) को बिजक मात्र पेश गरेको छ।कुल कार्यसम्पन्न रु ३४०४१२.० को अन्य खर्च सम्बन्धित बिल बिजक पेश नभएकोले, बिल/बिजक बिना ड्रिलिङ्ग कार्यको बढी मापन गरी उपभोक्तालाई रु ४८३७७.० बढी भुक्तानी भएको असुल गर्नुपर्ने रु | ४८,३७७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | १४ | २०७७-५-११ | **बसपार्क दक्षिण नाला निर्माण**<br>बसपार्क दक्षिण नाला निर्माण कार्यको लागी कार्यालयले मिती २०७७/३/९ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु २४४९६७.० स्वीकृत भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु २४६९६७.० रहने गरी सम्फौता भएको छ भने कार्यालयले व्यहोर्ने अंश रु २२०००००.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको अन्तिम बिलमा रु २०९३३४१.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् ।<br>:<br>कार्यालयले मिती २०७६ असार मसान्तमा योजना सम्पन्न गर्ने गरी आ.व २०७५/७६ मा उपभोक्तासँग योजना सम्झौता गरेकोमा आ.व २०७७/७८ मात्र योजना सम्पन्न भई रु २०९३३४१.० भुक्तानी गरेको छ।नगरपालिकाले उपभोक्ता मार्फत गराएको निर्माण कार्य समयमा सम्पन्न नगराई पटक पटक म्याद थप गराएको छ। आर्थिक वर्षको अन्त्यपश्चात्त अर्को आर्थिक वर्षमा समेत सोही सम्झौता अनुसार पटक पटक गरी बहुबर्षिय योजना बमोजिम रकम भुक्तानी भएको छ।अघिल्लो आ.व को भुक्तानी बाँकी रकम प्रमाणित समेत नगराई निर्णयबिना उपभोक्तालाई रकम भुक्तानी गरिएको नियमसम्मत देखिएन । | |
| ४२ | | | **उपभोक्ता समितीमार्फत सडक कलोपत्रे**<br>बिच बलियादेखि खरौलासम्म सडक कालोपत्रे गर्ने योजनाको लागी कार्यालयले मिती २०७६/२/२७ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ९५४७४५६.०(लागत साझेदारी तथा कन्टिन्जेन्सी समेत) स्वीकृत भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु ३१४७४५६.० रहने गरी सम्फौता भएको छ भने कार्यालयले व्यहोर्ने अंश रु ६४०००००.० रहेको छ।कार्यालयले उपभोक्तालाई अन्तिम बिल अघिसम्म रु २८२००००.० र अन्तिम बिलमा रु २४१२४७९.० गरी कुल रु ५२३२४७९.० भुक्तानी गरेको छ।यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् । | |
| ४२.१ | | | सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालयले उपभोक्ता मार्फत योजना संचालन गर्दा निर्मित कालोपत्रे सडक निर्माणको गुणस्तर परीक्षणको लागी रु ४५०००.० बिनियोजन भएकोमा सडकको बेस, सबबेस निर्माणको ल्याब टेस्ट नभएकोले, निर्मित संरचनाको गुणस्तरयीय भएकोमा आश्वस्त हुन सकिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.२ | ४९ | २०७७-६-२२ | कार्यालयले सडक कालोपत्रे निर्माणको लागी आ.व २०७५/७६ मा उपभोक्तासँग योजना सम्झौता भई आ.व २०७७/७८ रु २४१२४७९ भुक्तानी गरी योजना सम्पन्न भएको छ। कार्यालयले उपभोक्ता मार्फत गराएको निर्माण कार्य समयमा सम्पन्न नगराई पटक पटक म्याद थप गराएको छ। आर्थिक वर्षको अन्यपश्चात्त अर्को आर्थिक वर्षमा समेत सोही सम्झौता अनुसार पटक पटक गरी बहुबर्षिय योजना बमोजिम रकम भुक्तानी भएको छ। अघिल्लो आ.व को भुक्तानी बाँकी रकम प्रमाणित समेत नगराई निर्णयबिना उपभोक्तालाई रकम भुक्तानी गरिएको नियमसम्मत देखिएन । | |
| ४२.३ | ४९ | २०७७-६-२२ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ।योजनाको दरविश्लेषण अनुसार कालोपत्रे सडक निर्माणको लागी प्रति वर्ग मिटर प्राईम कोट मा ०.९७५ के.जी, ट्याक कोट मा १.२२ के.ज र प्रिमिक्स कार्पेट मा १.५४ के.जि बिटुमिन आवश्यक पर्दछ। सो अनुसार ५११३ वर्ग मिटर प्राईम कोट मा ४९८५ के.जि, ट्याक कोट मा ६२३७ के.जी र प्रिमिक्स कार्पेट मा ७८०० के.जि गरी कुल १९०२२ के.जी विटुमिन खपत हुनेमा, उपभोक्ताले १८०१७ के.जी को मात्र बिजक पेश गरेको छ।दरविश्लेषण अनुसार प्रति के.जि बिटुमिन को रु ८२ का दरले उपभोक्तालाई भुक्तानी भएकोमा, उपभोक्ताले १००५ के.जी घटी बिजक पेश गरेकोले, घटी बिजकको पेश गरी बिटुमिन खरिद बापत बढी भुक्तानी भएको रु ८२४१०.० सम्बन्धितबाट असुल गर्नुपर्ने रु | ८२,४१० |
| ४२.४ | ४९ | २०७७-६-२२ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितीमार्फत निर्माण कार्य गराउँदा निर्माण कार्यमा लोडर, डोजर, ग्रेडर, विटुमिन व्यवाईलर, विटुमिन डिस्ट्रिब्युटर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न नसकिने व्यवस्था रहेको छ।कार्यालयले लोडर, डोजर, ग्रेडर, विटुमिन व्यवाईलर, विटुमिन डिस्ट्रिब्युटर लगायतका हेभि मेशिनहरु प्रयोग हुने सडक कालोपत्रे गराउने जस्तो जटिल प्राविधिक पक्ष समावेश हुने कार्य उपभोक्ता समितीमार्फत गराउन मिल्ने देखिएन।नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३ | | | **ज्येष्ठ नागरिक मिलन केन्द्र भवन निर्माण**<br>ज्येष्ठ नागरिक मिलान केन्द्र भवन निर्माणको लागी कार्यालयले मिती २०७७/९/७ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ३८२५८४३.० (लागत साझेदारी समेत) स्वीकृत भएकोमा, सोमा उपभोक्ताको लागत सहभागिता रु ४९२५०९.० रहने गरी सम्फौता भएको छ भने कार्यालयले व्यहोर्ने अंश रु ३३३३३३४.० रहेको छ। कार्यालयले उपभोक्तालाई योजनाको कुल ३५६१०२४.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् । | |
| ४३.१ | १०१ | २०७८-३-२७ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। योजनाको अन्तिम बिलमा कार्यालयले उपभोक्तालाई ११७५ ब्याग सिमेन्टको लागी रु ७५०.० (मू.अ.कर बाहेक) का दरले रु ८८१२५०.० भुक्तानी गरेकोमा, उपभोक्ताले सो बापत रु ६९१४६६.० (मू.अ.कर बाहेक) मात्रको बिजक पेश गरेको छ। सिमेन्ट खरिदको लागी भुक्तानी भएको रकमभन्दा रु १८९७८४.० (मू.अ.कर बाहेक) घटी बिजक पेश गरेकोले, उपभोक्तालाई सिमेन्ट खरिदको लागी रु १८९७८४.० बढी भुक्तानी भएको छ। सिमेन्ट खरिदको लागी बजारमूल्यभन्दा बढी लागत कायम गरी उपभोक्तालाई बढी भुक्तानी भएको मनासिब देखिएन। | |
| ४३.२ | १०१ | २०७८-३-२७ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। कार्यालयले सामग्री खरिद बापत रु ११४५६२.० को मू अ कर रकम उपभोक्तालाई भुक्तानी गरेको छ। उपभोक्ताले सो बापत रु ८९८९०.० मू अ कर रकमको मात्र बिजक पेश गरेको छ। समग्री खरिदको मू अ कर बापत उपभोक्तालाई खरिदभन्दा बढी भुक्तानी भएको रु २४६७२.० सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु | २४,६७२ |
| ४३.३ | १०१ | २०७८-३-२७ | कार्यालयले उपभोक्ता समितीलाई व्यवस्थापन खर्च बापत रु ३००००.० भुक्तानी गरेको छ। उपभोक्तालाई व्यवस्थापन खर्च बापतको रकम भुक्तानी गर्न मिल्ने व्यवस्था प्रचलित कानूनमा भएको छैन साथै सोको खर्च पुष्टि हुने बिल/बिजक समेत उपभोक्ताले पेश गरेको छैन। व्यवस्थापन खर्च बापत भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु | ३०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.४ | १०१ | २०७८-३-२७ | कार्यालयले योजनाको नापीकिताब अनुसार उपभोक्तालाई २९.१२ घ.मी आर सि सि मा प्रयोग हुने रिईन्फर्समेट, नापजाँच बिना १.९ प्रतिशतका दरले कायम गरी ४३४३ के.जी कार्य जनाई रु ११६.० को दरले रु ५०५११०.० भुक्तानी गरेको छ। रिईन्फर्समेन्टको वास्तविक नापजाँचबिना, उपभोक्तालाई रकम भुक्तानी भएकोले, सोको वास्तविक नापजाँचको प्रमाण पेश गर्नुपर्ने रु | ५०५,११० |
| ४४ | | | **उपभोक्तामार्फत विद्युत लाईन विस्तार**<br>नवकिरण विद्युत नयाँलाईन विस्तार कार्यको लागी कार्यालयले मिती २०७७/३/११ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ८४६७१५.० स्वीकृत भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता नरहने गरी सम्फौता भएको छ भने कार्यालयले व्यहोर्ने अंश रु ८४६७१५.० रहेको छ।कार्यालयले उपभोक्तालाई योजनाको कुल रु ८२०९५६.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छन्। | |
| ४४.१ | | | सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्तामार्फत निर्माण कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सिर्जना गर्ने भएमा तोकिएको कार्यविधि पुरा गरी उपभोक्तामार्फत त्यस्तो निर्माण कार्य गराउन सकिने व्यवस्था रहेको छ। उपभोक्ता समितिमार्फत विद्युत लाईन विस्तार तथा मर्मत जस्तो जटिल प्राविधिक पक्ष समावेश हुने निर्माण कार्य उपभोक्तामार्फत संचालन गर्ने कार्यविधिमा व्यवस्था रहेको छैन भने सो कार्य गराउँदा रोजगारी सिर्जना हुने अवस्था समेत रहेको छैन।साथै कार्यालयले विद्युत लाईन विस्तारको कार्य उपभोक्तामार्फत संचालन गर्न सकिने भनी प्राविधिक सिफारिस तथा पुष्ट्याँई गरेको समेत छैन। | |
| ४४.२ | | | सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालयले उपभोक्ता मार्फत योजना संचालन गर्दा निर्मित संरचना तथा संरचना निर्माणमा प्रयोग भएको निर्माण सामग्रीको गुणस्तर परीक्षण गरेको छैन।नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४.३ | ३ | २०७७-५-५ | लम्कीचुहा नगरपालिका उपभोक्ता समिती गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि, २०७५ को दफा ७(३) मा आयोजनाको प्रकृति हेरी कार्यालयले लागत, सहभागिताको ढाँचा र अनुपात तोक्नु पर्ने व्यवस्था रहेको छ भने नगर कार्यापालिकाको निर्णय बमोजिम उपभोक्तामार्फत हुने निर्माण कार्यमा दश प्रतिशत लागत सहभागिता गराउनुपर्दछ।कार्यालयले विद्युत लाईन विस्तरको कार्य गराउँदा उपभोक्ताको लागत साझेदारीबिना सम्पुर्ण रकम कार्यालये व्यहोर्ने गरी सम्झौता गरेको छ।लागत सहभागिताबिना उपभोक्ता समितीमार्फत निर्माण कार्य गरी रु ८२०९५६.० भुक्तानी भएकोले, कार्यविधिको व्यवस्था बमोजिम १० प्रतिशत लागत सहभागितबापत हुन आउने रु ८२०९५.० सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु | ८२,०९५ |
| ४५ | | | **उपभोक्ता मार्फत निर्मित अधुरो खानेपानी योजना**<br>चिसापानी खानेपानी निर्माण योजनाको लागी कार्यालयले मिती २०७६/३/१२ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ।सम्झौता बमोजिम उपभोक्ताले योजनाको निर्माण कार्य मिती २०७६/३/२५ सम्म सम्पन्न गर्नुपर्दछ भने योजनाको लागत अनुमान रु ९०२२७६९.० (लागत साझेदारी तथा कन्टिन्जेन्सी समेत) स्वीकृत भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु १०२२७६९.० रहने गरी सम्फौता भएको छ भने कार्यालयले व्यहोर्ने अंश रु ८०००००० .० रहेको छ। कार्यालयले उपभोक्तालाई चौथो रनिङ्ग बिलसम्म रु ५३५५०५६.० को कार्य मापन गरी भुक्तानी गरेकोमा चौथो रनिङ्ग बिल सम्म रु ८०७१३२७.० को कार्य मापन गरी चौथो रनिङ्गबिलमा रु २३९०३१७.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् । | |
| ४५.१ | | | सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालयले उपभोक्ता मार्फत योजना संचालन गर्दा निर्मित संरचना तथा संरचना निर्माणमा प्रयोग भएको निर्माण सामग्री तथा निर्मित संरचनाको गुणस्तर परीक्षण गरेको छैन।नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |
| ४५.२ | ५५ | २०७७-७-२ | सार्वजनिक खरिद नियमावलीको नियम ९७(१) मा एक करोडसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिमार्फत गर्न सक्ने र ९७(२) मा सो लागत अनुमानमा मू.अ.कर ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिता अंश समेत समावेश हुने व्यवस्था छ । कार्यालयले उपभोक्ता समिति मार्फत संचालन यस योजनामा ओभरहेड नजोडी बाँकी अन्य खर्च सहित लागत अनुमान स्वीकृत गरेको छ । योजनाको लागत अनुमान ओभरहेड बिना रु ९०२२७६९.० कायम भएकोमा, सोमा उपभोक्ताको लागत अंश रु १०२२७६९.० रहेको छ।लागत अनुमान बाहेकको रु ८०००००० .० मा ओभरहेड बापत हुने रु १२००००० .० समेतकुल लागत अनुमान रु १०२२२७६९.० कायम हुन जाने देखिन्छ।उपभोक्तालाई तोकिएको सिमा माथिको लागत अनुमान कायम हुने योजना उपभोक्तामार्फत संचालन गरिएको नियमसम्मत नदेखिएको रु | २,३९०,३१७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५.३ | ५५ | २०७७-७-२ | आ.व २०७५/७६ मा योजना सम्झौता भई आ.व २०७७/७८ मा समेत योजना सम्पन्न भएको छैन।उपभोक्ता मार्फत निर्माण कार्य समयमा सम्पन्न नगराई पटक पटक म्याद थप गराई बहुबर्षिय किसिमको योजना कायम गरि रकम भुक्तानी भएकोमा हालसम्म पनि सो योजना सम्पन्न भई खानेपानी संचालन भएको छैन।यस सम्बन्धमा निर्धारित समयमा कार्यसम्पन्न नगर्ने उपभोक्ता समिती, पटक पटक म्याद थप गरी रकम भुक्तानी गर्ने पदाधिकारीलाई जिम्मेवार बनाउँदै उपभोक्ता मार्फत संचालित योजना निर्धारित समयमा सम्पन्न गराउनुपर्दछ। | |
| ४६ | | | **उपभोक्ताद्वारा निर्माण व्यवसायीमार्फत सडक कालोपत्रे गराएको**<br>धुर्व सञ्ज्यालयको घरदेखि छेटेलाल थापाको घरसम्म रहेको २४० मिटर सडक कालोपत्रेगर्ने योजनाको लागी कार्यालयले मिती २०७७/११/२ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु १७७०९७०.०(लागत साझेदारी समेत) स्वीकृत भएकोमा, सोमा उपभोक्ताको लागत सहभागिता रु १७०९७०.० रहने गरी सम्फौता भएको छ भने कार्यालयले व्यहोर्ने अंश रु १६०००००.० रहेको छ। कार्यालयले उपभोक्तालाई योजनाको कुल रु ११२२८१६.० गरी भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् । | |
| ४६.१ | १९४ | २०७८-१-२० | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। उपभोक्ताले निर्माण व्यवसायी सुनिल कन्सट्रक्सन (लम्कीचुहा १ कैलाली) मार्फत निर्माण कार्य गराई निर्माण व्यवसायीको बिजक नं ६, मिति २०७८/१/२० को रु ११२२८१६.० (मू.अ.कर समेत, मू.अ.कर बाहेकः ९९३६४२.०) को बिजक पेश गरेको छ। कार्यालयले योजनाको रु १३५७७८६.० कार्य प्रमाणित गरेकोमा, जनश्रमदान बापत रु १७०९७०.०, कन्टिन्जेन्सी रु ६४०००.० कट्टा गरी उपभोक्तालाई रु ११२२८१६.० भुक्तानी गरेको छ। निर्माण व्यवसायीको बिजक अनुसार सडक कालोपत्रे, लेबर सहितको निर्माण बापत बिजक जारी भएकोमा, उपभोक्ताको जनश्रमदान खुल्ने प्रमाण पेश भएको छैन।जनश्रमदानको अंश खुल्ने प्रमाण पेश हुनुपर्ने रु | १७०,९७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६.२ | १९४ | २०७८-१-२० | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३क) मा उपभोक्ताले आफुले प्राप्त गरेको काममा कुनै निर्माण व्यवसायीलाई संलग्न गराईएको पाईएमा, कार्यालयले सो सम्झौता रद्द गरी त्यस्तो उपभोक्तालाई कुनै पनि कार्य गर्न नदिने गरी अभिलेख राख्नु पर्दछ र त्यस्तो निर्माण व्यवसायीलाई कालोसूचिमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्दछ। उपभोक्ताले सडक कालोपत्रे निर्माणको कार्यको निर्माण व्यवसायी सुनिल कन्सट्रक्सन (लम्कीचुहा १ कैलाली) मार्फत गराएर सो निर्माण व्यवसायीको बिजक समेत पेश गरेको छ। निर्माण व्यवसायीमार्फत उपभोक्ताले कार्य गराउँदा, कार्यालयले सम्झौता रद्द नगरी रकम भुक्तानी गरेको मनासिब देखिएन। | |
| ४७ | | | **लम्किबजार व्यवस्थपान तथा ढल निकास योजना**<br>लम्किबजार व्यवस्थापन तथा ढल निकास योजनाको लागी कार्यालयले मिती २०७७/१/२४ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। योजनाको लागत अनुमान रु ४७७८५२४.० स्वीकृत भएकोमा, सोमा उपभोक्ताले लागत सहभागिता रु ७२१३७८.० रहने गरी सम्झौता भएको छ भने कार्यालयले व्यहोर्ने अंश रु ३९३५४३१.० रहेको छ।कार्यालयले उपभोक्तालाई प्रथम रनिङ्ग बिलमा रु १८९०३५९.० र अन्तिम बिलमा रु २०४१७४०.० गरी कुल रु ३९३२०९९.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन् । | |
| ४७.१ | ६ | २०७७-५-९ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, विलभपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। योजनाको अन्तिम बिलमा कार्यालयले उपभोक्तालाई ७८५ ब्याग सिमेन्टको लागी रु ७५०.० (मू.अ.कर बाहेक) का दरले रु ५८८७५०.० भुक्तानी गरेकोमा, उपभोक्ताले सो बापत रु ५५४९९५.० (मू.अ.कर बाहेक) मात्रको बिजक पेश गरेको छ। सिमेन्ट खरिदको लागी भुक्तानी भएको रकमभन्दा रु ३३७५५.० (मू.अ.कर बाहेक) घटी बिजक पेश गरेकोले, उपभोक्तालाई सिमेन्ट खरिदको लागी रु ३३७५५.० बढी भुक्तानी भएको छ। सिमेन्ट खरिदको लागी बजारमूल्यभन्दा बढी लागत कायम गरी उपभोक्तालाई बढी भुक्तानी भएको मनासिब देखिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७.२ | ६ | २०७७-५-९ | कार्यालयले योजनाको अन्तिम बिल भुक्तानीमा पि सि सि 1:3:6 ६९.९ घ.मी कार्य प्रमाणित गरेको छ र स्टोन म्यासनरी 1:6 मा २६०घ.मी कार्य प्रमाणित गरेको छ। योजनाको दरविश्लेषण अनुसार , पि सि सि 1:3:6 को लागि ४.४ ब्याग सिमेन्ट लाग्दछ भने स्टोन म्यासनरी 1:6 को लागि १.८४ ब्याग सिमेन्ट लाग्दछ।सो अनुसार पि सि सि 1:3:6 को लागी ३०७ ब्याग र स्टोन म्यासनरी 1:6 को लागी ४७८ ब्याग गरी कुल ७८५ ब्याग सिमेन्ट लाग्दछ।उपभोक्ताले अन्तिम बिलमा ५०० ब्याग सिमेन्टको रु ३२५२२२.० (मू.अ.कर बाहेक) को मात्र बिजक पेश गरेको छ। दरविश्लेषण अनुसार ७८५ ब्याग सिमेन्टको रु ७५०.० दरको १३ प्रतिशत मू.अ.कर बापत रु ७६५३७.० भुक्तानी भएकोमा उपभोक्ताले रु ७२१४९.० को मात्र मू.अ.कर भएको बिजक पेश भएकोले बढी भुक्तानी भएको मू.अ.कर रु ४३८८.० सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु | ४,३८८ |
| ४८ | | | **थपालिपुर सि टोल पिच बाटो निर्माण**<br>थपालिपुर सि टोल पिच बाटो निर्माणको लागी कार्यालयले मिती २०७६/२/१९ मा उपभोक्ता समितीसँग योजना सम्झौता गरेको छ। सम्झौता अनुसरा उपभोक्ताले योजना मिती २०७६/३/१० मा सम्पन्न गर्नुपर्दछ। योजनाको लागत अनुमान रु २८४९२६७.० स्वीकृत भएकोमा, सोमा उपभोक्ताको लागत सहभागिता रु ९४९२६७.० रहने गरी सम्फौता भएको छ भने कार्यालयले व्यहोर्ने अंश रु १९०००००.० रहेको छ। कार्यालयले उपभोक्तालाई अन्तिम बिलमा रु १२०४५३४.० भुक्तानी गरेको छ भने योजनाको कुल रु २१५४५३४.० भुक्तानी गरेको छ। यस सम्बन्धमा देखिएको व्यहोरा निम्नानुसार छन् । | |
| ४८.१ | २५१ | २०७८-३-२० | कार्यालयले मिती २०७६/३/१० मा योजना सम्पन्न गर्ने गरी आ.व २०७५/७६ मा उपभोक्तासँग योजना सम्झौता गरेकोमा आ.व २०७७/७८ को मिती २०७८/३/२० मा मात्र योजना सम्पन्न भई रु १२०४५३४.०.० भुक्तानी गरेको छ।नगरपालिकाले उपभोक्ता मार्फत गराएको निर्माण कार्य समयमा सम्पन्न नगराई पटक पटक म्याद थप गराएको छ। आर्थिक वर्षको अन्यपश्चात्त अर्को आर्थिक वर्षमा समेत सोही सम्झौता अनुसार पटक पटक गरी बहुबर्षिय योजना बमोजिम रकम भुक्तानी भएको छ।अघिल्लो आ.व को भुक्तानी बाँकी रकम प्रमाणित समेत नगराई निर्णयबिना उपभोक्तालाई रकम भुक्तानी गरिएको नियमसम्मत देखिएन । | |
| ४८.२ | २५१ | २०७८-३-२० | कार्यालयले उपभोक्तालाई व्यवस्थापन खर्च बापत रु २५०००.० भुक्तानी गरेको छ। उपभोक्तालाई व्यवस्थापन खर्च भुक्तान गर्न मिल्ने व्यवस्था प्रचलित कानुनमा रहेको छैन भने सोको पुष्टि हुने बिल/भरपाई उपभोक्ताले पेश गरेको छैन। उपभोक्तालाई व्यवस्थापन खर्च बापत भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | २५,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८.३ | २५१ | २०७८-३-२० | उपभोक्तासँगको योजना सम्झौता अनुसार नगरपालिकाको अंश रु १९०००००.० रहेको छ। कार्यालयले अन्तिम बिलसम्ममा उपभोक्तालाई जनश्रमदानको अंश बाहेक रु २१५४५३४.० भुक्तानी गरेको छ।सो सम्बन्धमा कार्यालयले उपभोक्ताले ४५ मिटर कालोपत्रे सडक बढि निर्माण गरेको उल्लेख गरेकोमा, लागत संशोधन र सो अनुसारको अन्य निर्णय भएको छैन। लागत संशोधनबिना सम्झौता रकमभन्दा उपभोक्तालाई बढी भुक्तानी रु २५४५३४.० सम्बन्धितबाट असुल गर्नुपर्ने रु | २५४,५३४ |
| ४८.४ | | | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) मा उपभोक्ता समितीमार्फत निर्माण कार्य गराउँदा निर्माण कार्यमा लोडर, डोजर, ग्रेडर, विटुमिन व्यवाईलर, विटुमिन डिस्ट्रिब्युटर जस्ता हेभि मेशिनहरु प्रयोग गर्न नसकिने व्यवस्था रहेको छ। कार्यालयले लोडर, डोजर, ग्रेडर, विटुमिन व्यवाईलर, विटुमिन डिस्ट्रिब्युटर लगायतका हेभि मेशिनहरु प्रयोग हुने सडक कालोपत्रे गराउने जस्तो जटिल प्राविधिक पक्ष समावेश हुने कार्य उपभोक्ता समितीमार्फत गराउन मिल्ने देखिएन। नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ। | |
| ४८.५ | | | सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालयले उपभोक्ता मार्फत योजना संचालन गर्दा निर्मित कालोपत्रे सडक निर्माणको गुणस्तर परीक्षणको लागी सडकको बेस, सबबेस निर्माणको ल्याब टेस्टको व्यवस्था नगरेकोले, निर्मित संरचनाको गुणस्तरयीय भएकोमा आश्वस्त हुन सकिएन। | |
| ४९ | | | **घटी आम्दानी**<br>कर्णाली नदीमा नदीजन्य सामाग्री संकलन तथा उत्खनन ( ढुंगा गिट्टी बालुवा ग्राभेल भरान आदी ) गर्ने कार्यको ठेक्का लगाउन न्यूनतम रू राखी वढावढका माध्यमवाट सूचना प्रकाशन गरेकोमा ७ वटा वोलपत्र दर्ता भएको पाइयो । सो मध्ये सवै भन्दा वढी कवोल गर्ने कर्णाली क्रसर उधोगको कवोल अंक रू १३०००७७७। स्वीकृत भएको आशयको सूचना समेत प्रकाशन भई सम्झौता गर्न आउने बारे पत्राचार समेत भएकोमा विना कारण सम्झौता गर्न नआएको पाइयो । नगरप्रमुख स्तरको मिति २०७७।६।२२ को निर्णय वाट दोश्रो सवै भन्दा वढी कवोल गर्ने श्री शनिदेव निर्माण सेवा प्रा लि को रू ११२१२११२। छनौट गरी २०७७।७।२१ मा सम्झौता गरेको पाईयो । सवै भन्दा वढी कवोल गर्ने कवोलदाता छनौट गर्नु पर्नेमा नगरी दोश्रो वढी कवोल गर्ने कवोलदाता छनौट गरेको कारण मु अ कर समेत रू २०२११९१। आम्दानी घटी हुन गएको पाइयो । ठेक्का प्रकृयामा सहभागी भई छनौट भई सके पश्चात सम्झौता गर्न नआएको भनी दोश्रो कवोलदाता छनौट गरेको कारण घटी आम्दानी हुन गएको सम्वन्धमा पुष्टयाई हुनु पर्ने रू | २,०२१,१९१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | विषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | २०७८-११-६ | **राजस्व ढिला दाखिला** | |

सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा २४ (३) आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले सात दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरीवाना गरी दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । पालिका अन्तर्गत १० वडा कार्यालयहरु रहेकोमा देहायको ३ वडाहरुको दाखिलाको अवस्था परीक्षण गर्दा निम्नानुसार राजस्व ढिला दाखिला गरेकोमा कार्यालयवाट जरिवाना असुल गरेको देखिएन । तसर्थ पालिकाले सवै वडा कार्यालयहरुको राजस्व असुली र दाखिलाको अवस्था छानविन गरी ऐनमा तोकिएको समयमा दाखिला नगरेको अवस्थमा जरिवाना समेत लगाई असुल गर्नु पर्दछ ।

| **वडा नं** | **आम्दानीको अवधि** | **सवै शीर्षकको राजस्व रकम** | **भौ नं र बैक दाखिला मिति** |
|---|---|---|---|
| ५ | २०७७।६।१-६।३० | ५१११७। | ४१।२०७७।७।२६ |
| ५ | २०७७।७।१-९।२९ | १०७६२०। | ६१।२०७७।११।५ |
| ५ | २०७७।११।१-११।५ | ३४०८६०। | ७७।०७७।११।१६ |
| ५ | २०७७।११।६-३।१८ | ५७४९९५। | १०५।०७८।३।२२ |
| ५ | २०७८।३।१९-३।३१ | १३९६०। | १३०।०७८।३।३१ |
| | जम्मा | १०८८५५२। | |
| ९ | २०७७।४।१२-४।१९ | ७७३१०। | १७।२०७७।६।१३ |
| ९ | २०७७।४।२०-४।३२ | ७२५९२। | १७।२०७७।६।२० |
| ९ | २०७७।५।१-५।३१ | ८५७४९। | १७।२०७७।६।२० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ९ | २०७७।६।१-६।१० | १०९९२८।८७ | ५७।२०७७।९।३ | |
| | | | ९ | २०७७।६।११-६।३० | १३३२४७। | ५७।२०७७।९।२१ | |
| | | | ९ | २०७७।७।१-७।३० | ७०८७७।५ | ५७।२०७७।१०।५ | |
| | | | ९ | २०७७।८।१-८।३० | ६९८२०।२५ | ५७।२०७७।१०।५ | |
| | | | ९ | २०७७।९।१-९।२९ | २७५७५६। | ६९।२०७७।११।९ | |
| | | | ९ | २०७७।१०।१-१०।१७ | ६७०७१।६२ | ६९।२०७७।११।९ | |
| | | | ९ | २०७७।१०।१८-१०।१८ | ४६४४३। | ६९।२०७७।११।९ | |
| | | | ९ | २०७७।११।१-११।३ | १०००४३।२५ | ६९।२०७७।११।१२ | |
| | | | ९ | २०७७।११।४-११।१३ | ३४५९२७।७५ | ७१।२०७७।११।१८ | |
| | | | ९ | २०७७।११।१८-११।२९ | २२६७२१।६७ | १०६।०७८।३।२३ | |
| | | | ९ | २०७७।११।१४-११।१७ | २५०००२।२५ | १०६।०७८।३।९ | |
| | | | ९ | २०७७।१२।१-२।३१ | १७१२९९।७५ | ११५।०७८।३।२८ | |
| | | | ९ | २०७८।३।१-३।३१ | ९६१८२। | | |
| | | | | जम्मा | १९७३९७१।९१ | | |
| | | | १० | २०७७।४।१-२०७७।६। १३ | ११०९५४।५० | ६३।२०७७।७।२ रू १०००००। र रू १०९५५। २०७७।११। ११ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **ठेक्कामा मु अ कर असुल नभएको**<br>मुल्य अभिवृद्धि कर ऐन २०५२ तथा नियमावली २०५३ मा ठेक्का वा करारमा मु अ कर असुल गर्नु पर्ने व्यवस्था छ ।निम्न नदीहरूमा ढुगा गिट्टी बालुवा ग्राभेल र माटोमा कर शुल्क उठाउने सम्वन्धमा निम्न निर्माण व्यवसायीहरू संग सम्झौता गर्दा मु अ कर वाहेकमा सम्झौता गरेको पाईयो। कवोल गरेको रोयल्टी रकममा लाग्ने मु.अ.कर १३ % ले हुने मु अ कर रू ४८७१६६९। रकम आन्तरिक राजश्व कार्यालयमा दाखिला भएको हुनु पर्नेमा रु ४००००००। दाखिला भएको र पालिका स्वयंले प्रयोग गरेको रोयल्टी रु १५१८१००। को हुने मु अ कर रु १९७३५३। घटाए पश्चात दाखिला गर्न बांकी रु ६७४३१६। को दाखिलाको प्रमाण पेश हुनुपर्ने रु. | ६७४,३१६ |

| ठेकेदारको नाम | विवरण | सम्झौता रकम | मु अ कर |
|---|---|---|---|
| सनिदेव निर्माण सेवा प्रा लि | कर्णाली नदीमा ढुंगा गिट्टी वालुवा र भरान माटो संकलन र उत्खनन | ११२१२११२। | १४५७५७५। |
| सनिदेव निर्माण सेवा प्रा लि | धोवनिया रोरा चोरी चरेला पथरैया खोलामा ढुंगा गिट्टी वालुवा र भरान माटो संकलन र उत्खनन | २६२६२२६२। | ३४१४०९४। |
| | जम्मा | ३७४७४३७४। | ४८७१६६९। |

| **क्रम** | **कर्मचारीको नाम** | **असुली रकम** |
|---|---|---|
| ५१.१ | सनिदेव निर्माण सेवा प्रा लि | ६,७४,३१६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५२</td><td>११८</td><td>२०७८-३-३०</td><td>राजस्व दाखिला नभएको<br>सुदूरपश्चिम प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा २४ (३) आफ्नो जिम्मा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले सात दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरीवाना गरी दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए १० प्रतिशत जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम विभागीय कारबाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। वडा नं १० ले निम्नानुसार असुल भएको राजस्व संचित कोषमा दाखिला भएको नपाइएकोले जरिवाना समेत असुल गर्नु पर्ने रु
<table>
<tr><th>वडा नं</th><th>आम्दानीको अवधि</th><th>सवै शीर्षकको राजस्व रकम</th><th>जरिवाना</th><th>जरिवान समेत जम्मा असुल गर्नु पर्ने</th></tr>
<tr><td>१०</td><td>२०७७।७।१-२०७७।११।६</td><td>६८५०६४।५०</td><td>६८५०६।</td><td>७५३५७१।</td></tr>
<tr><td>१०</td><td>२०७७।११।७-२०७८।३।२८</td><td>५२७६७६।९८</td><td>५२७६८।</td><td>५८०४४५।</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१२१२७४१।४८</td><td>१२१२७४।</td><td>१३३४०१६।</td></tr>
</table></td><td>१,३३४,०१६</td></tr>
<tr><td>५३</td><td></td><td></td><td>घटी रोयल्टी दाखिला<br>नदीजन्य सामाग्री संकलन तथा उत्खनन ( ढुंगा गिट्टी बालुवा ग्राभेल भरान आदी ) गर्ने कार्यका लागि श्री सनिदेव निर्माण सेवा प्रा लि संग धोविनिया, चोरी, चरेला, पथरैया नदीका लागि रु ११२१२११२। र कर्णाली नदीका लागि रु २६२६२२६२। गरी जम्मा रू ३७४७४३७४। मा सम्झौता भएको पाईयो । वडा कार्यालयहरु वाट विभिन्न मितिमा पालिका भित्र मर्मतका लागि प्रयोग गरेको ढुंगा गिट्टी वालुवाको हुने रोयल्टी रु १५१८१००। प्रा लि ले तिर्नु पर्ने रोयल्टीवाट कट्टा गर्ने निर्णय भए वमोजिम घटाउदा दाखिला गर्नु पर्ने रोयल्टी रू ३५९५६२७४। जम्मा गर्नु पर्नेमा विभिन्न मितिमा रु रु ३०६४०१९२। मात्र दाखिला भएको पाइयो । दाखिला गर्नु पर्ने रोयल्टी भन्दा घटी दाखिला गरेको रु ५३१६०८२। मा जरिवाना समेत असुल गर्नु पर्ने रु</td><td>५,३०१,६८२</td></tr>
<tr><td>५४</td><td>१२१,२०३,१७३</td><td>२०७८-२-२</td><td>अनुगमन भत्ता<br>सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग समबन्धित अनुसूची१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ। कार्यालयको पदाधिकारी तथा कर्मचारीले विभिन्न</td><td>८०९,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कार्यक्रमको अनुगमन वापत देहाय बमोजिम अनुगमन भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु | |

| **क्र.सं.** | **भौ/मिति** | **कार्यक्रम/प्रयोजन** | **सङ्ख्या** | **दर/दिन** | **भुक्तानी रकम** |
|---|---|---|---|---|---|
| १ | १२१/२०७८-२-२ | राष्ट्रियपरिचय पत्र तथा पञ्जिकरण ईकाइद्वारा संचालित घटना दर्ता शिविरको अनुगमन | २६ पदाधिकारी लगायत १९ कर्मचारी | १०००/१ देखि ६ दिन | ८००००/- |
| २ | २०३/२०७८-०३-१० | न.पा अन्तर्गत रहेका भुमि सम्बन्धी समस्या समाधान आयोगको विभिन्न समयमा न.पा. को तर्फबाट खटिएको अनुगमन तथा मुल्याङ्कन | १ पदाधिकारी लगायत ७ कर्मचारी | १०००/ | २१००००/- |
| ३ | १७३/२०७८-०३-८ | सौर्यबत्ती जडान तथा गोबरग्याँस जडान कार्यको अनुगमन | १ पदाधिकारी लगायत ६ कर्मचारी | १०००/६ दिन | ४२०००/- |
| ४ | १५६/२०७८-०२-२४ | न.पा.अन्तर्गतका वडा,वस्ती स्तरमा रहेका औषधि वितरण केन्द्र तथा घर भेटद्धारा आम औषधि खुवाउने कार्यसंचालन प्रकृयको अनुगमन तथा सुपरीवेक्षण | २ पदाधिकारी लगायत ५ कर्मचारी | १०००/३ र ४ दिन | २५०००/- |
